आर्थिक वर्ष २०८१/०८२ का लागि राजश्व तथा व्ययको अनुमान

**सभाध्यक्ष महोदय, सभासदस्य ज्यूहरू**

**आर्थिक वर्ष २०८१/०८२ का लागि यस गाउँपालिकाको राजश्व तथा व्ययको अनुमान सहित प्रस्तावित बजेट तथा कार्यक्रम प्रस्तुत गर्न अनुमति चाहान्छु,**

आर्थिक वर्ष २०८१/०८२ को बजेट तथा कार्यक्रम निर्धारण गर्दा देहाय बमोजिमका क्षेत्रहरूलाई प्राथमिकतामा राखी तयार गरिएको व्यहोरा यस सम्मानित सभालाई जानकारी गराउँछु ।

१. आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुर्याउने,
२. उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने,
३. जनताको जीवनस्तर, आम्दानी र रोजगारी बढ्ने,
४. स्थानीय पूर्वाधार विकास,
५. स्थानीय सहभागिता जुट्ने, स्वयम् सेवा परिचालन गर्न सकिने तथा लागत कम लाग्ने,
६. स्थानीय स्रोत साधन र सीपको अधिकतम प्रयोग हुने,
७. महिला, बालवालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा पिछडिएका क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने,
८. लैङ्गिक समानता र सामाजिक समावेशीकरण अभिबृद्धि हुने,
९. दीगो विकास, वातावरणीय संरक्षण तथा सम्बर्द्धन गर्न सघाउ पुर्याउने,
१०. प्राकृतिक श्रोतको दिगो उपयोग तथा विपद् व्यवस्थापन,
११. भाषिक तथा साँस्कृतिक पक्षको जगेर्ना र सामाजिक सद्भाव तथा एकता अभिवृद्धिमा सघाउ पुर्याउने ।

**आर्थिक वर्ष २०८१/०८२ को बजेटले अंगिकार गरेका उद्देश्यहरू,**

१. सिमान्तकृत वर्ग र समुदायको आर्थिक तथा सामाजिक अवस्थाको सुधारका लागि सहयोग गर्ने,
२. जीवनको मुल आधारको रुपमा रहेको स्वास्थ्य, शिक्षा र खानेपानीको सहज पहुँच शुनिश्चित गर्दै गुणस्तरीयतामा सुधार गर्ने ,
३. दीगो विकासका लक्ष्य समरुप हुने गरी स्थानीय पूर्वाधार विकास गर्ने,
४. आर्थिक विकासको मुलाधार कृषि र पशुपालनलाई व्यवसायिकीकरण गर्ने,
५. सिप सिकेकाहरूलाई व्यावसायिक बनाउँदै आत्म निर्भर बनाउने ।

**सभाध्यक्ष महोदय,**
आगामी आर्थिक वर्ष २०८१/०८२ को राजश्व तथा व्ययको अनुमान र विषय क्षेत्रगत योजना तथा बजेट विनियोजनको विवरण यस सम्मानित सभा समक्ष पेश गर्ने अनुमति चाहान्छु ।

अ.ब. २०८१/०८२ को अनुमानित आय तर्फ, नेपाल सरकारवाट प्राप्त वित्तीय समानीकरण अनुदान रु ११ करोड १८ लाख र प्रदेश सरकारबाट ६९ लाख २७ हजार, दहत्तर बहत्तर सहित राजश्व बाँडफाड वाट प्राप्त हुने रु २८ करोड ४ लाख ११ हजार, ससर्त अनुदान नेपाल सरकार २४ करोढ २४ लाख ९६ हजार तथा प्रदेश सरका १ करोढ, संघीय सरकार विशेष अनुदान ९५ लाख, प्रदेश सरकार समपुरक अनुदान १ करोढ रहेको छ। जनसहभागिताबाट प्राप्त हुने १ करोढ २० लाख, सडक वोर्डबाट रु ५० लाख तथा आन्तरकि आय तर्फ ८ करोढ १९ लाख ४१ हजार ५०० र जिल्ला समन्वय समितिबाट प्राप्त हुने अनुदान रु ५० लाख सहित कूल **रकम रु ७७ करोढ ५० लाख ७५ हजार ५०० को आय अनुमान** पेश गरेको छु।
**सभाध्यक्ष महोदय**
अव, म आगामी आर्थिक वर्षका लागि प्रस्तावित योजना, कार्यक्रम तथा बजेटको विवरण पेश गर्ने अनुमति चाहान्छु।

कुल बजेट **रु ७७ करोढ ५० लाख ७५ हजार ५००** मध्ये चालु खर्च तर्फ ४३ करोढ ६ लाख १९ हजार र पुँजिगत खर्च तर्फ ३४ करोढ ४४ लाख ५६ हजार ५०० रूपैया विनियोजन गरेको छु।

आर्थिक विकास तर्फ **कृषि** क्षेत्रको विकासका लागि रु ५५ लाख ५७ हजार ५००, **पशुपंक्षी** विकास कार्यक्रमका लागि रु २९ लाख, **पर्यटन क्षेत्र**को विकासका लागि रु ५ लाख, **सहकारी क्षेत्रका** लागि रु ६ लाख, **भुमि व्यवस्थापन सम्वन्धि कार्यक्रम**का लागि रु १७ लाख ५० हजार रकम विनियोजन गरेको छु।

यसै गरी **समाजिक विकास** क्षेत्र अन्तर्गत **शिक्षा** क्षेत्रको व्यवस्थापन र विकासका लागि रु २ करोढ, **लैंगिक समानता तथा सामाजिक समावेशीकरणका** लागि ५९ लाख ७२ हजार, **स्वास्थ्य** क्षेत्रको व्यवस्थापनका लागि रु ७४ लाख ५० हजार, **युवा तथा खेलकुद पूर्वाधार** विकासका लागि १ करोढ विनियोजन गरेको छु।

**भौतिक पूर्वाधार विकास** तर्फ कूल रु २१ करोढ ४० लाख, **सम्पदा तथा धार्मिक पूर्वाधारका** लागि १ करोढ ५ लाख ५० हजार, **सिंचाइ, खानेपानी तथा सरसफाइ**का लागि ९८ लाख, **विपद व्यवस्थापनका** लागि ५० लाख, **सुशासन तथा शान्ति सुरक्षा**का लागि ५ करोढ ३५ लाख, **प्रधानमन्त्री रोगजार कार्यक्रम** साझेदारीका लागि १५ लाख, **चालु प्रशासनीक** कार्यका लागि ११ करोढ तथा **वडास्तरीय कार्यक्रम**का लागि ४ करोढ ८५ लाख विनियोजन गरेको छु।

**सभाध्यक्ष महोदय, सभासद ज्यूहरू**
अव म विषयक्षेत्रग आयोजना तथा वजेटको विस्तृत विवरण पेश गर्ने अनुमति चाहान्छु

सामाजिक विकास क्षेत्र

शिक्षा

१. विद्यार्थीको सिकाइ उपलब्धी सुधारका लागि शिक्षकलाई मनोपरामर्श सम्वन्धि तालिम प्रदान गरी उपचारात्मक र अतिरिक्त कक्षा संचालनको व्यवस्था मिलाइने छ। गणित, विज्ञान र भाषा विषयको सिकाइका लागि गणित, विज्ञान तथा भाषा सिकाइ ल्याब स्थापना गरिने छ, यस कार्यका लागि आवश्यक बजेट व्यवस्था गरेको छु।

२. विद्यालयहरूलाई सूचना प्रविधिमैत्री बनाइ शुसासन सहितको व्यवस्थापकीय सुधार गर्न थप ५ विद्यालयमा CC Camera र इ हाजिरी जडान गरिने छ, कक्षाकोठाको शिक्षण सिकाइ क्रियाकलापको लाइभ रेकर्डीङ गरी प्रशारण गर्ने कार्यलाई थप विद्यालयमा विस्तार गरिनेछ, यसका लागि आवश्यक बजेट व्यवस्था गरेको छु।

३. प्राविधिक शिक्षाको पहुँच विस्तार गर्न बहु प्राविधिक शिक्षालय संचालन गर्नुका साथै अन्य शिक्षालयमा अध्ययन गर्ने यस गाउँपालिकाका विद्यार्थीहरूका लागि प्राविधिक उच्च शिक्षा छात्रवृत्ति प्रदान गरिनेछ, यसका लागि रु १२ लाख रकम विनियोजन गरेको छु।

४. बाबु आमा नहुने बालवालिकालाई सिकाइ सहयोग सामाग्री उपलब्ध गराइ अभिभावकत्व दिन अभिभावक विहिन बालवालिका छात्रवृत्ति कार्यक्रमलाई निरन्तरता दिएको छु , यसका लागि रु ५ लाख रकम विनियोजन गरेको छु।

५. धार्मिक तथा परम्परागत शिक्षाको विकासबाट सँस्कार सहितको शिक्षा प्रदान गर्ने र मातृभाषा तथा लिपिको संरक्षणका लागि भाषा लिपि कक्षा संचालन गर्ने कार्यक्रमलाई निरन्तरता दिई आवश्यक रकम विनियोजन गरेको छु।

६. खेलकुदको माध्यमबाट विद्यार्थीहरूको चौतर्फि विकास गर्न स्काउट परिचालन, राष्ट्रपति रनिङशिल्ड प्रतियोगिता र अतिरिक्त कृयाकलाप संचालनका लागि रु ७ लाख रकम विनियोजन गरेको छु।

७. न्यून पारिश्रमिकमा काम गरिरहेका ८७ जना बालविकास स.का., विद्यालय कर्मचारी र परिचालिकाहरूको थप प्रोत्साहन पारिश्रमीकलाई निरन्तरता दिइनेछ, यसका लागि रु ८७ लाख ३६ हजार रकम विनियोजना गरेको छु।

८. कक्षा १२ सम्म संचालित विद्यालयहरूमा रात्रिकालिन सुरक्षा व्यवस्थापनलाई निरन्तरता दिइएको छ, यसका लागि रु ७ लाख ८० हजार रकम विनियोजन गरेको छु।

९. मिक्लाजुङ क्याम्पसमा अध्ययनरत विद्यार्थीहरूलाई छात्रवृत्ति प्रदान गरी उच्च शिक्षामा सहज पहुँचको व्यवस्था गर्नका लागि रु १५ लाख रकम विनियोजन गरेकोछु।

१०. न्यून दरवन्दी भएका र उपयुक्त संख्यामा विद्यार्थी भएका विद्यालयहरूमा कक्षागत शिक्षक व्यवस्थापनका लागि दिइदै आएको शिक्षण सहयोग अनुदान लाई निरन्तरता दिइएको छ , यसका लागि रु २० लाख रकम विनियोजन गरेको छु।

११. बालवालिकाहरूको दिवाखाजामा स्थानीय उत्पादित वस्तुको प्रयोगमा वृद्धि गर्दै दिवा खाजाको गुणस्तरमा सुधार गर्ने नीति अनुरुप प्रति विद्यार्थी रु ५ का दरले दिंइदै आएको अनुदानलाई निरन्तरता दिइनेछ, यसका लागि रु २१ लाख ८४ हजार रकम विनियोजन गरेकोछु।

१२. छात्र छात्रासँग अध्यक्ष कार्यक्रम मार्फत विद्यार्थीका समस्याहरू पहिचान गरी निराकरण गर्नुका साथै विद्यार्थी उत्प्रेरणा तथा प्रोत्साहन गरिनेछ, यसका लागि आवश्यक बजेट व्यवस्था गरेकोछु।

## लैंगिक समानता तथा सामाजिक समावेशिकरण

१३. बालवालिकाको सहज समावेशिकरण र अर्थपूर्ण सहभागिताका लागि गाउँपालिकालाई बालमैत्री गाउँपालिका बनाउन यस वर्ष कम्तिमा दुई वडालाई पूर्ण बालमैत्री वडा बनाई बालमैत्री वडा घोषणा गरिनेछ, यसका लागि रु ६ लाख रकम विनियोजन गरेकोछु।

१४. विशेष संरक्षणको आवश्यकता र जोखिममा परेका व्यक्ति तथा हिंसा पिडित महिला सहयोगार्थ बालकोष, लैंगिक हिंसा निवारण कोष संचालन गरिनेछ, यसका लागि आवश्यक वजेट व्यवस्था गरेको छु।

१५. विभिन्न राष्ट्रिय दिवस तथा अभियान संचालन गरी महिला, जेष्ठनागरिक, अपाङ्गता भएका व्यक्ति तथा बालवालिकाको शसक्तिकरण, प्रतिभा प्रस्फुटन, सम्मान, १६ दिने लैंगिक हिंसा विरुद्धको अभियान जस्ता कार्यक्रम संचालन गरिनेछ, यसका लागि रु २ लाख ९० हजार रकम विनियोजन गरेको छु ।

१६. अपाङ्गता परिचयपत्र वितरणमा सहजता ल्याउन र अपाङ्गता समन्वय समितिको नियमित बैठकका लागि आवश्यक रकम विनियोजन गरेकोछु ।

१७. युवा युवतिहरूको सार्वजनिक सेवाको क्षेत्रमा प्रवेशको अवसर वृद्धि गर्नका लागि लोकसेवा तयारी कक्षा संचालनको लागि आवश्क रकम व्यवस्था गरेकोछु ।

१८. बालसंजालको नियमित बैठक, क्षमता विकास र उत्प्रेरणा मागमा आधारित तालिम तथा परामर्श कार्यक्रम संचालन गाउँपालिका र प्रत्येक वडामा गरिनेछ, यसका लागि रु २ लाख ४० हजार रकम विनियोजन गरेको छु ।

१९. महिला समुह, जनप्रतिनिधि तथा नेपाल प्रहरीसँगको साझेदारीमा **लागुऔषध विरुद्ध आमा अभियान** प्रत्येक वडामा संचालन गर्नका लागि आवश्यक बजेट व्यवस्था गरेको छु ।

२०. महिला समुहहरूको संचालन र नियमित बैठका लागि आवश्यक रकम विनियोजन गरेको छु ।

२१. प्रदेश सरकार समेतको साझेदारीमा अपाङ्गता रोकथाम तथा पुनः स्थापना कार्यक्रम संचालन गरिनेछ । यसका लागि गाउँपालिकाको साझेदारी रकम रु १३ लाख २४ हजार ५६५ विनियोजन गरेको छु ।

२२. अपाङ्गता रोकथाम तथा पुनः स्थापना कार्यक्रम अन्तर्गत अपाङ्गता भएका व्यक्तिहरूको स्वास्थ उपचार सहयोगका तथा सहयोगी सामाग्री वितरण कार्यक्रमलाई निरन्तरता दिइएको छ ।

२३. अपाङ्गता भएका व्यक्तिहरूका लागि सिपमुलक तथा व्यावसायिक तालिम संचालन तथा व्यावसायिक रोजगार प्रवर्धन अनुदानका लागि आवश्यक रकम विनियोजन गरेको छु ।

२४. अपाङ्गत भएका व्यक्ति र परिवारको सशक्तिकरणका लागि मिलिजुली समुहको नियमित बैठक, मिलिजुली समुहका लागि बचत ऋण व्यवस्थापन, वचत परिचालन व्यवसथापनका लागि सहकारीमा आवद्धता गर्ने तथा नेतृत्व विकासा तालिम संचालन गरिनेछ ।

२५. अपाङ्गाता भएका व्यक्तिहरूको संस्था (OPD) सुदृढीकरण तथा अपाङ्गता सशक्तिकरण कार्यक्रम संचालनका लागि आवश्यक रकम विनियोजन गरेको छु ।

२६. स्वास्थ्य संस्थामा गर्भवती दर्ता र अध्यावधिक गर्ने कार्यलाई व्यवस्थित गर्दै नव दम्पतीलाई वितरण गर्ने शुभकामना कार्ड छपाइ तथा वितरणको कार्यका लागि आवश्यक रकम व्यवस्था गरेको छु ।

### स्वास्थ्य

२७. गर्भवती महिलाको स्वास्थ्य व्यवस्थापनका लागि अनिवार्य औषधिको पर्याप्तता सुनिश्चित गर्न, क्याल्सियम, आइरन र फोलिक एसिड खरिदका लागि रु ६ लाख रकम विनियोजन गरेको छु ।

२८. महिला स्वास्थ्य स्वयम् सेविकाबाट हुने स्वास्थ्य सेवा प्रदानको प्रबाहमा सहजता र गुणस्तरीयता ल्याउनका लागि प्रदान गर्दै आएको प्रोत्साहन कार्यक्रमलाई निरन्तरता दिइएको छ । यसका लागि रु ७ लाख २५ हजार रकम व्यवस्था गरेकोछु ।

२९. स्वास्थ्य संस्थाहरूबाट निःशुल्क उपलब्ध हुने, आधारभूत औषधी, भ्याक्सिनको अभाव हुन नदिन औषधी/भ्याक्सिन खरिद, ढुवानी तथा व्यवस्थापनका लागि रु २३ लाख रकम विनियोजन गरेको छु ।

३०. सम्पूर्ण वडामा पहुँच पुग्ने गरी निःशुल्क स्वास्थ्य परिक्षणका लागि विभिन्न विषयका सिविरहरूको संचालन गरिने छ, यसका लागि रु २ लाख रकम विनियोजन गरेको छु ।

३१. आयुर्वेदिक उपचारको प्रवर्धनका लागि, मिक्लाजुङ ७ मा संचालनमा रहेको नागरिक आरोग्य केन्द्रको औषधि खरिद व्यवस्थापनका लागि रु ८ लाख रकम विनियोजन गरेकोछु ।
३२. महामारि रोग विपद् व्यवस्थापन र स्वास्थ्य संस्थाहरूको संचालन व्यवस्थापनका लागि रु १ लाख ७५ हजार रकम विनियोजन गरेको छु ।
३३. घर घरमा आधारभूत स्वास्थ्य सेवा पुर्याउनका लागि आवश्यक बजेट व्यवस्था गरेको छु ।

युवा तथा खेलकुद

३४. युवा तथा खेलकुद क्षेत्रको विकास र विभिन्न खेलकुद प्रतियोगिता संचालन तथा सहभागिताका लागि रु २० लाख रकम विनियोजन गरिएको छ ।

## आर्थिक विकास क्षेत्र

### कृषि विकास कार्यक्रम

३५. कृषकहरूलाई स्थलगत रुपमा नयाँ प्रविधिको जानकारी दिने र कृषि समस्याको पहिचान र समाधान गर्नका लागि कृषकको मागमा आधारित स्थलगत तालिम संचालन गरिनेछ, यसका लागि रु १ लाख ८० हजार रकम विनियोजन गरेको छु ।
३६. कृषक समुह तथा फर्महरूलाई तराकारी खेती गर्न र मौरी पालन व्यवसाय प्रोत्साहका लागि ५०% साझेदारीमा अनुदान उपलब्ध गराइनेछ । यसका लागि रु ८ रकम विनियोजन गरेको छु । साथै १० कट्ठा भन्दा बढी जग्गा भाडामा लिएर तरकारी खेती गर्ने किसानलाई जग्गा भाडामा ४०% अनुदान दिनका लागि रु २ लाख रकम विनियोजना गरेकोछु ।
३७. रेशम खेती तथा गड्यौला मल उत्पालनलाई प्रोत्साहन गर्नका लागि उत्पादनमा आधारित अनुदान उपलब्ध गराइने छ, यसका लागि आवश्यक रकम व्यवस्था गरेकोछु ।
३८. व्यावसायिक पशुपालनलाई समयसापेक्ष सुधार गर्दै जान भकारो सुधार कार्यक्रमका लागि रु २ लाख रकमा विनियोजन गरेकोछु ।
३९. कृषकहरूको खेतीको निःशुल्क माटो परिक्षण र कृषि चुन वितरणका लागि रु ५ लाख रकम विनियोजन गरेकोछु ।
४०. चैते धानमा DSR प्रविधि प्रदर्शन, कृषि विमा कार्यक्रम सहित किसानसँग स्थानीय सरकार कार्यक्रम संचालनका लागि आवश्यक रकम व्यवस्था गरेको छु ।
४१. किसानहरूलाई आधुनिक कृषि औजार उपलब्ध गराइ सहज र गुणस्तरीय खेती गर्नका लागि ६०% अनुदानमा मागमा आधारित कृषि औजार उपकरण वितरण कार्यक्रम संचालन गरिनेछ । यसका लागि रु १४ लाख रकम विनियोजन गरेको छु ।
४२. सिंचाई विशेष कार्यक्रम अन्तर्गत माथिल्लो पहाडी क्षेत्रमा प्लाष्टिक पोखरी/बोरिङ र तल्लो क्षेत्रमा/थोपा सिंचाई कार्यक्रम संचालन गर्नका लागि रु ८ लाख २७ हजार ५ सय रकम छुट्याएको छु ।
४३. कृषि प्राविधिक समेतको सहभागितामा कृषि समिति/ संजालहरूको नियमित बैठक कृषि प्राविधिकको स्थलगत अनुगमनलाई प्राथमिकतामा राखि कृषकहरूलाई स्थलगत सहयोग गर्नका लागि आवश्यक बजेट व्यवस्था गरेको छु ।

**पशुपंक्षी विकास कार्यक्रम**

४४. पशुपंक्षी स्वास्थ्य उपचारका लागि कृषकलाई वितरण गर्न तथा उपचार गर्नका लागि औषधि खरिद गर्न रु १ लाख रकम विनियोजन गरेको छु ।

४५. पशुपंक्षीको रोग निदान तथा उपचारमा कृषकलाई सहज बनाउन घुम्ती पशु स्वास्थ्य शिविर संचालन तथा स्थलगत औषधी वितरण गर्नुका साथै पशुपालका कृषाका लागि आवश्यक तालिम संचालन गर्न रकम व्यवस्था गरेको छु ।

४६. पशु नश्ल सुधारका लागि उन्नत जातको वीर र बोयर बोका खरिद गरी वितरण गरिनेछ । यसका लागि रु २ लाख ४० हजार रकम विनियोजन गरेको छु ।

४७. हरेक वडामा गाई र भैंसिको निःशुल्क कृतिम गर्भाधान कार्यक्रमलाई निरन्तरता दिनका लागि आवश्यक बजेट व्यवस्था गरेको छु ।

४८. मत्स्य पालन व्यवसायको प्रवर्धन गर्नका लागि मागमा आधारित माछाका भुरा वितरण कार्य गरिने छ, यसका लागि रु ३ लाख रकम विनियोजन गरेको छु ।

४९. पशुपालक कृषकहरूका लागि पशु विमा कार्यक्रम सञ्चालन गरिनेछ, यसका लागि रु १ लाख रकम विनियोजन गरेकोछु ।

५०. सबै मौसममा पशुलाई पौष्टिक आहार उपलब्ध गराउन, नास भएर जाने मौसमी हरियो घाँसको प्रयोग गरी साइलेज उद्योग संचालन गरिने छ । यसका लागि रु ५ लाख रकम विनियोजन गरेकोछु ।

**पर्यटन तथा धार्मिक क्षेत्र**

५१. गाउँपालिकाको पर्यटन गुरु योजना निर्माणका लागि रु ५ लाख रकम विनियोजन गरेको छु ।

५२. वेतेनी सिमसार पर्यटन पुर्वाधारका लागि १५ लाख रकम विनियोजन गरेको छु ।

५३. मुर्चुङ् डाँडा सडक मर्मत सहित शिवको मुर्ति स्थापनाका लागि रु १२ लाख रकम विनियोजन गरेको छु ।

**सहकारी**

५४. सहकारीको दिगोपना तथा नेतृत्व विकास तालीम तथा सहकारी सम्बन्धी पर्ल्स, MCI र COPOMIS सम्बन्धी तालीम संचालनका लागि ६ लाख रकम छुट्याएको छु ।

**विपद् व्यवस्थापन**

५५. विपद् प्रतिकार्य योजना तर्जुमा, विपद् व्यवस्थापन कोष, वृक्षारोपण कार्यक्रम, विपद् प्रतिकार्य तथा पूर्वतयारी सामग्री व्यवस्थापन कार्यका लागि रु ५० लाख रकम विनियोजन गरेको छु ।

**सुशासन तथा अन्तर सम्बन्धित क्षेत्र**

५६. लैंगिक तथा सामाजिक परिक्षण, सार्वजनिक सुनुवाई, गाउँपालिका डिजिटल प्रोफाईल, महिला जनप्रतिनिधी क्षमता विकास तालीम, वार्षिक समीक्षा कार्यक्रम, २९ लाख ५० हजार रकम विनियोजन गरेको छु ।

५७. म.स्वा.से. तथा स्वास्थ्यकर्मीहरुका लागि जलन सम्बन्धी आधारभूत तालीम, वार्षिक प्रतिवेदन, नीति, बजेट तथा कार्यक्रम प्रकाशनका लागि रु ४ लाख विनियोजन गरेको छु ।

**न्यायिक समिति**

५८. न्यायिक समितिको कार्यकक्ष व्यवस्थापन तथा निर्णय कार्यन्वयनका लागि आवश्यक बजेट व्यवस्थापन गरेको छु ।

**भूमी व्यवस्थापन**

५९. जग्गाको नापजाँचलाई सहज र वस्तुनिष्ठ बनाउनका लागि Total Station खरिद गरी जग्गा नापीलाई व्यवस्थित बनाइने छ, Total Station बाट गरिएको नामलाई डिजिटल डेटावेस, Control Point, फिल्ड सहायकको व्यवस्थापन र क्षमता विकास अन्तर्गत GIS र उपकरण प्रयोग सम्वन्धी तालिम र मेशिनको मर्मत सम्भार लगायतका कार्यका लागि रु १७ लाख ५० हजार रकम विनियोजन गरेको छु ।

**प्रधानमन्त्री रोजगार कार्यक्रम**

६०. प्रधानमन्त्री रोजगार कार्यक्रम योजना कार्यान्वयनका लागि निर्माण सामाग्री, दक्ष कामदार आदिमा साझेदारीका लागि रु १५ लाख रकम विनियोजन गरेको छु ।

६१. बैदेशिक रोजगारबाट फर्केका व्यक्तिहरू तथा बैदेशिक रोजगारमा गएका व्यक्तिका परिवारका सदस्यका लागि सिप विकास तालिमा संचालन गर्नका लागि रु ६ लाख र प्रविधि हस्तान्तरणका लागि रु ६ लाख रकम विनियोजन गरेको छु ।

**संघसंस्था सँगको सहकार्य**

६२. सुरक्षित बैदेशिक रोजगारको प्रवर्धन तथा मानव बेचविखन रोकथाम परियोजना (कारितास नेपाल) स्वयम्सेवक व्यवस्थापन, परामर्श सेवा, सूचना सम्प्रेषण तथा जनचेताना कार्यक्रम, सम्भाव्य वैदेशिक रोजगारका लागि सुरक्षित बैदेशिक रोजगारका लागि सहजिकरण, आर्थिक उपार्जन र स्वःरोजगारी सिर्जना जस्ता कार्यका लागि रु २५ लाख ६४ हजार रकम संस्थाको तर्फबाट विनियोजन गरिएको छ ।

६३. यस गाउँपालिकाको जैविक विविधता संरक्षणका लागि हात्तिको संरक्षण र सुरक्षाका लागि जैविक विविधता अनुसन्धान तथा संरक्षण समाज, काठमाण्डौको साझेदारीमा Securing future elephant in eastern chure landscape परियोजना संचालगन गरिनेछ, यसका लागि संस्थाको तर्फबाट रु ७ लाख ८ हजार रकम विनियोजन गरिएको छ ।

**भौतिक पूर्वाधार विकास**

६४. भौतिक पूर्वाधार विकास तर्फ मावा नाइटेपानी सडक कालोपत्रे का लागि रु १ करोढ ३५ लाख, वडा नं. ७ र ८ मा ड्रेन तथा कालोपत्रेका लागि ९५ लाख, भण्डारी चोक देखि मिनेचोक सम्म कालोपत्रे गर्नका लागि २ करोढ ५० लाख रकम विनियोजन गरेको छु ।

६५. यामचोक खोलिटार सडकका लागि रु १६ लाख, धानखेती आइतबारे सडक र असारे चोक विमला चोक सडकका लागि रु ८ लाख रकम छुट्याएको छु ।

६६. बाल अस्पाताल निर्माणका लागि ९५ लाख, मधुमल्ला अस्पतालमा इमरजेन्सी वार्ड निर्माणका लागि १० लाख, विभिन्न मन्दिर निर्माणका लागि रु ७ लाख, कोल्ड स्टोर निर्माणका लागि रु ८ लाख तथा कभर्डहल निर्माणका लागि रु १५ लाख विनियोजन गरेको छु ।

६७. सोल्टी, मिक्लु, मगर र सफेवा खोला पुलका निर्माणका लागि रु ४ करोढ ५० लाख रकम विनियोजन गरेको छु ।

६८. वडा नं. ३,६,७ र ९ मा स्ल्याब निर्माणका लागि रु ६० लाख तथा बेलगौडे बजरा व्यवस्थापनका लागि रु २० लाख रकम विनियोजन गरेको छु।
६९. गाउँ पालिकाको प्रशासनीक भवन निर्माण थप पूर्वाधार निर्माण, घेराबार तथा प्रहरी कार्यकक्ष निर्माण गर्नका लागि रु २ करोढ ३५ लाख रकम छुट्याएको छु।
७०. कार्यालय पश्चिम फ्लिमहल जाने बाटो मर्मत का लागि रु १० लाख तथा गाउँपालिकाको यातायात गुरु योजना निर्माणका लागि रु १५ लाख रकम विनियोजन गरेको छु।
७१. गाउँ पालिकाका विभिन्न क्षेत्रमा संचालन हुने साना तथा महत्वका आयोजनाहरू, धार्मीक,साँस्कृति क्षेत्रको विकास तथा अन्तर सम्बन्ध र समन्वयका कार्यक्रमहरू संचालन गर्नका लागि रु ३ करोढ ८५ लाख ५० हजार रकम विनियोजन गरेको छु।

## वडास्तरीय बजेट तथा कार्यक्रम

**वडा नं.१ का वडास्तरीय कार्यक्रम संचालनका लागि रु ८० लाख रकम विनियोजन गरेको छु, जस अन्तर्गत**

७२. वडा नं. १ मा रहेका सामुदायिक विद्यालयहरूको भौतिक तथा शैक्षिक व्यवस्थापनमा सुधार गर्नका लगि रु ८ लाख र विद्यालायका लागि प्रविधि व्यवस्थापन गर्न रु ३ लाख सहित वडाको शैक्षिक सुधारका लागि रु १० लाख रकम वनियोजन गरिएको छ।
७३. वडा भरी सडक निर्माण, मर्मत तथा स्तरोन्नतीका लागि कूल रकम रु ४४ लाख विनियोजन गरिएको छ।
७४. कृषि व्यवसाय, पशुपंक्षि पालमा सहयोग गर्नका लागि रु ४ लाख र स्वास्थ्य सुविधाका लागि रु २ लाख र लक्ष्यित वर्गका कार्यक्रम संचालनका लागि रु ३ लाख रकम विनियोजन गरिएको छ ।
७५. युवा तथा खेलकुद क्षेत्रको विकासका लागि रु ३ लाख ५० हजार र वातावरण तथा विपद व्यवस्थापनका लागि रु २ लाख रकम छुट्याइएको छ।
७६. सानो सफेवा र लावा वस्ती सिंचाइ आयोजनाका लागि रु २ लाख ५० हजार र खानेपानी मर्मतका लागि रु ३ लाख रकम विनियोजन गरिएको छ।
७७. कोल्बोटे चर्चको शौचालय निर्माण, बाइसे सचेतना केन्द्र भवन मर्मत, आहाले चर्च मर्मत सहित विविध कार्यक्रम संचालनका लागि रु ५ लाख रकम विनियोजना गरिएको छ।

**वडा नं. २ का वडास्तरीय कार्यक्रम संचालनका लागि रु ४९ लाख रकम विनियोजन गरेको छु, जस अन्तर्गत**

७८. सडक पूर्वाधार तर्फ विभिन्न सडक मर्मत, स्तरोन्नती, सडक सरसफाइ, ग्राभेल तथा कल्भर्ट निर्माण कार्यका लागि १७ लाख ५० हजार रकम विनयोजन गरिएको छ।
७९. विभिन्न खानेपानी आयोजनाहरूको निर्माण तथा मर्मत सम्भारका लागि ५ लाख ५० हजार विनियोजन गरिएको छ।
८०. वडा कार्यालय भौतिक व्यवस्थापनका लागि ५ लाख, कुइनेटार सोन्दरीकरणका लागि ३ लाख तथा सँस्कृति संरक्षणका लागि रु २ लाख विनियोजन गरिएको छ।
८१. शैक्षिक सामग्री व्यवस्थापनका लागि रु ३ लाख, कृषि सामाग्रीका लागि २ लाख ५० हजार तथा विपद् व्यवस्थापनका लागि १ लाख रकम विनियोजन गरिएको छ।

८२. युवा सिप विकास कार्यक्रम, खेलकुद कार्यक्रमका लागि ६ लाख तथा दलित, गर्भवती तथा सुत्केरी महिला र अपाङ्गता भएका व्यक्तिका विभिन्न कार्यक्रमका लागि रु २ लाख ५० हजार रकम छुट्याइएको छ।

**वडा नं. ३ का वडास्तरीय कार्यक्रम संचालनका लागि रु ५० लाख रकम विनियोजन गरेको छु, जस अन्तर्गत**

८३. सडक पूर्वाधार तर्फ विभन्न सडक ग्राभेल तथा निर्माणका लागि रु १२ लाख २० हजार, विभिन्न कल्भर्ट निर्माण, ह्युमपाइ खरिदका लागि ११ लाख ५ हजार रकम विनियोजन गरिएको छ।

८४. खानेपानी तथा सिंचाइ अन्तर्गत विभिन्न खानेपानी आयोजना मुहान मर्मत तथा पैनी निर्माणका लागि ७ लाख ५० हजार रकम छुट्याइएको छ।

८५. मगर सँघ साँस्कृतिक कार्यक्रमका लागि रु १ लाख, विद्यालय पूर्वाधारका लागि रु १ लाख ५० हजार, सार्वजनीक सुनवाइका लागि रु २५ हजार विनियोजन गरिएको छ।

८६. खेलकुद कार्यक्रम तथा खेलमैदान निर्माणका लागि रु ७ लाख, मिलिजुली समुह तथा युवाको सिप विकास तालिमका लागि १ लाख ५० हजार वडा सडक वत्ती तथा अन्य सार्वजनीक निर्माणका लागि ८ लाख रकम छुट्याइएको छ।

**वडा नं. ४ का वडास्तरीय कार्यक्रम संचालनका लागि रु ५३ लाख रकम विनियोजन गरेको छु, जस अन्तर्गत**

८७. सडक पूर्वाधार तर्फ विभिन्न सडक स्तरोन्नती, ट्र्याक निर्माण, ग्राभेल, मर्मत तथा ह्युमपाइप खरिद कार्यका लागि रु २१ लाख ५० हजर रकम विनियोजन गरिएको छ।

८८. युवा तथा खेलकुद, खेलमैदान घेराबार तथा मर्मत का लागि रु ५ लाख, वडा कार्यालय घेराबारका लागि ८ लाख तथा विपद् व्यस्थापनका लागि रु २ लाख विनियोजन गरिएको छ।

८९. खानेपानी व्यवस्थापनका लागि ४ लाख र विद्यालय भौतिक पूर्वाधारका लागि ४ लाख रकम विनियोजन गरिएको छ।

९०. लक्ष्यित वर्गका कार्यक्रम तर्फ बालक्लव, महिला, अपाङ्गता भएका व्यक्तिका लागि २ लाख ५० हजार, ड्राइभिङ तालिमका लागि २ लाख तथा कृषि विउ विजन वितरणका लागि रु ३ लाख विनियोजन गरिएको छ।

**वडा नं. ५ का वडास्तरीय कार्यक्रम संचालनका लागि रु ५० लाख रकम विनियोजन गरेको छु, जस अन्तर्गत**

९१. सडक पूर्वाधार तर्फ सडक ग्राभेल, RCC/PCC ढलाइ गर्नका लागि रु २५ लाख रकम विनियोजन गरिएको छ।

९२. विद्यालयकको भौतिक तथा शैक्षिक सुधारका लागि रु ४ लाख तथा कृषि विकास सम्वन्धी कार्यक्रमहरूका लागि रु ३ लाख विनियोजन गरिएको छ।

९३. ह्युमपाइप/कल्भर्ट निर्माण,कुलो निर्माण मर्मत झरना जाने बाटो निर्माण का लागि रु ७ लाख ५० हजार विनियोजन गरिएको छ।

९४. वडा कार्यालय तथा आधारभूत स्वास्थ्य केन्द्रमा पार्कीङ स्थल निर्माणका लागि रु १ लाख विनियोजन गरिएको छ।

९५. खेलकुद कार्यक्रम, महिला सिप विकास कार्यक्रम, युवा सिप विकास कार्यक्रम, लक्ष्यित वर्गका कार्यक्रम तथा अपाङ्गता भएका व्यक्तिहरूको सक्षमता विकास कार्यक्रमका लागि रु ४ लाख ५० हजार रकम विनियोजन गरिएको छ।

**वडा नं. ६ का वडास्तरीय कार्यक्रम संचालनका लागि रु ६० लाख रकम विनियोजन गरेको छु, जस अन्तर्गत**

९६. सडक पूर्वाधार अन्तर्गत ह्युमपाइप सहित मेसिनरी वाल निर्माण, कल्भर्ट तथा स्ल्याभ निर्माण, ग्राभेल तथा सडक स्तरोन्नती गर्ने कार्यका लागि रु ३९ लाख ७० हजार रकम विनियोजन गरेको छु।

९७. चर्च अफ गड खामेझोडा र विश्वेश्वर शिवालय मन्दीर स्तरोन्नतीका लागि रु १ लाख विनियोजन गरिएको छ।

९८. विभिन्न कृषि विकासका कार्यक्रमहरू संचालनका लागि रु २ लाख ८० हजार विनियोजन गरिएको छ।

९९. विद्यालयको भौतिक मर्मत सुधार र शैक्षिक सामाग्री व्यवस्थापनका लागि रु ४ लाख २० हजार विनियोजन गरिएको छ।

१००. युवा सिप विकास तथा खेलकुद क्षेत्रको विकासका लागि रु ३ लाख रकम विनियोजन गरिएको छ।

१०१. विद्युत पोल तथा तार मर्मतका लागि रु ५ लाख विनियोजन गरिएको छ तथा वडा कार्यालय व्यवस्थापन, वातावरण तथा विपद् व्यवस्थापनका लागि रु ४ लाख विनियोजन गरिएको छ।

**वडा नं. ७ का वडास्तरीय कार्यक्रम संचालनका लागि रु ५३ लाख रकम विनियोजन गरेको छु, जस अन्तर्गत**

१०२. बालवालिका सम्वन्धी हक अधिकार गोष्ठी तथा अपाङ्गाता भएका व्यक्तिहरूको मिलिजुली समुहलाई विउँ पुजी, युवालक्ष्यित कुक तालिम तथा खेलकुद कार्यक्रम दलित, महिला तथा जेष्ठ नगारिकका लागि विभिन्न कार्यक्रम संचालन गर्न प्रदान गर्न रु ९ लाख ५० हजार रकम विनियोजन गरिएको छ।

१०३. विभिन्न मन्दिर घेराबार, परिसर क्षेत्र तथा प्रतिक्षालय भौतिक सुधार तथा स्तोन्नतीका लागि रु १४ लाख रकम विनियोजन गरिएको छ।

१०४. विभिन्न स्थानमा ड्रेन तथा सडक निर्माण स्तरोन्नतीका लागि कूल रकम रु १२ लाख ५० हजार विनियोजन गरिएको छ।

१०५. चन्द्रोदय आधारभूत विद्यालयको मर्मत सम्भारका लागि रु २ लाख विनियोजन गरिएको छ।

१०६. वडा कार्यालय भवनमा ट्रस निर्माण र सार्वजनीक सुनवाइका लागि रु १ लाख ५० हजार तथा वडा मा मृत्यु भएका व्यक्तिहरूको दाहसँस्कारका लागि दाउरा व्यवस्थापन गर्न रु ३० हजार विनियोजन गरिएको छ।

१०७. भैपरि तथा विपद् व्यवस्थापन तथा सिंचाइ सुविधा, ड्रेन/ कल्भर्ट निर्माण, मर्मतका लागि रु १२ लाख ५० हजार

१०८. वडा भरिका कृषक समुहलाई घरको भान्सामा तरकारीको व्यवस्थापन तथा करेशावारी तालिम सहित तरकारीको विउ वितरण गर्न रु ७० हजार रकम विनियोजन गरिएको छ।

**वडा नं. ८ का वडास्तरीय कार्यक्रम संचालनका लागि रु ४५ लाख रकम विनियोजन गरेको छु, जस अन्तर्गत**

१०९. शैक्षिक व्यवस्थापन सुधारका लागि रु २ लाख ५० हजार, विपन्न ,दलित , जेष्ठ नागरिक, गर्भवती महिला लगायत लक्ष्यित वर्गका लागि निःशुल्क एम्बुलेन्स सेवा उपलब्ध गराउनका लागि रु २ लाख विनियोजन गरिएको छ।

११०. कृषि विउ विजन खरिद तथा साझेदारीमा चिस्यान घर निर्माणका लागि रु ५ लाख रकम छुट्याइएको छ।

१११. सुत्केरी र गर्भवती महिलालाई उपहार कार्यक्रममा, विपन्न आवास निर्माण सामाग्रीका लागि, अपाङ्गता लक्ष्यित सचेतना कार्यक्रम, बालवालिकाको हाजिरीजवाफ, आमा समुहको अवलोकन भ्रमण तथा जेष्ठ नगारिक लगायत लक्ष्यति वर्ग सम्मान सहित लक्ष्यित वर्गका कार्यक्रम संचालनका लागि कूल रकम रु ४ लाख ५० हजार रकम विनियोजन गरिएको छ।

११२. युवा तथा खेलकुद अन्तर्गत युवा ड्राइभिङ तालिम, खेलकुद सामाग्री खरिद तथा खेलकुद संचालन, स्वरोजगारका लागि तालिम संचालन गर्न रु ३ लाख ५० हजार रकम विनियोजन गरिएको छ।

११३. पूर्वाधार विकासका लागि टोल पक्की ड्रेन निर्माण, वडाभरीका बाटो ग्राभेल तथा सडक वत्ती जडान र व्यवस्थापनका लागि रु २६ लाख ५० हजार रकम विनियोजन गरिएको छ।

११४. वडा विपद् व्यवस्थापन कोषका लागि रु १ लाख रकम विनियोजन गरिएको छ।

**वडा नं. ९ का वडास्तरीय कार्यक्रम संचालनका लागि रु ५० लाख रकम विनियोजन गरेको छु, जस अन्तर्गत**

११५. सडक पूर्वाधार तर्फ सडक कालोपत्रे गर्ने , विभिन्न सडक ग्राभेल, सडक स्तरोन्नती, स्ल्याव निर्माण, ड्रेन निर्माण, ह्युमपाइप खरिद तथा खोल्सी बाटो मर्मत समेतका लागि रु ३३ लाख रकम विनियोजन गरिएको छ।

११६. मावा नर्सरी खेलमैदान निर्माणका लागि रु १ लाख बजेट व्यवस्था गरिएको छ।

११७. मनोकामना आ.बि.का विद्यार्थीलाई पोषाक वितरणका लागि रु २ लाख विनियोजन गरिएको छ।

११८. शिव राधाकृष्ण मन्दीर व्यवस्थापन र शिवालय मन्दीर घेराबार, बृद्धबृद्धा, महिला र बालवालिका विकास कार्यक्रमका लागि रु ५ लाख विनियोजन गरिएको छ।

११९. युवा तथा खेलकुद विकासका लागि रु १ लाख र दलित लक्षियत वर्ग उत्थान कार्यक्रमका लागि रु १ लाख विनियोजन गरिएको छ।

१२०. वडा कार्यालय सभाहलमा फर्निचर व्यवस्थापनका लागि रु ३ लाख रकम छुट्याइएको छ।

१२१. संस्था सँगको साझेदारीमा विद्युत पोल खरिदका, मर्मतका लागि १ लाख ५० हजार तथा विपद व्यवस्थापन कोषमा रु १ लाख विनियोजन गरिएको छ।

१२२. कृषि क्षेत्रको विकासका लागि प्राङ्गारिक मल उत्पादन तथा सिंचाइ विस्तारका लागि रु १ लाख ५० हजार रकम विनियोजन गरिएको छ।

सभाध्यक्ष महोदय,

अब म आर्थिक वर्ष २०८१/०८२ को आर्थिक तथा विनियोजन ऐन लाई स्वीकृत गर्न बनेको विधेयक प्रस्तुत गर्ने अनुमति चाहान्छु ,

.................................

धन्यबाद !